# आर्थिक बर्ष २०७७/०७८ को लागि मुसिकोट नगरपालिकाको नीति तथा कार्यक्रम

"सामाजिक सुशासन, आर्थिक समृद्धि र जनसहभागिता सहितको दिगो विकास ।,
स्वास्थ्य, शिक्षा र रोजगारयुक्त समाजवाद उन्मुख नगरपालिका हाम्रो निकास ॥"

नगर प्रमुख देवीलाल गौतमद्धारा
सातौ नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम
(मिति २०७७/०३/१०)

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

१. यस मुसिकोट नगरपालिकाको गरिमामय एवं ऐतिहासिक सातौं नगर सभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित अनुभुति गरिरहेको छु । नगरलाई आत्मनिर्भर, समाजवाद उन्मुख समृद्ध नगर बनाउने साझा लक्ष्य तर्फ नीति तथा कार्यक्रम केन्द्रित रहेको कुरा उल्लेख गर्दछु ।

२. यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौमसत्ता स्वाधिनता, भौगोलिक अखण्डता मुलुकमा लोकतन्त्रको वहाली, जनजीविकाको आमूल परिवर्तनको लागि महत्वपूर्ण भुमिका खेल्नु हुने महान जनयुद्ध र जनआन्दोलन लगायतका विभिन्न संघर्ष तथा आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात बीर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु र राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

३. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले सम्पूर्ण मानवजातीलाई नै प्रभावित बनाएको छ । यसवाट स्वदेश तथा विदेशमा ज्यान गुमाएका सबै नेपाली प्रति हार्दिक श्रद्धान्जली र शोकाकुल परिवारजन प्रति समवेदना व्यक्त गर्दछु । साथै संङक्रमित सवैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, जनताले सात दशकभन्दा लामो संघर्षवाट प्राप्त गरेको उपलब्धी हो । यो प्रणाली नेपाली जनताले छानेर पठाएका जनप्रतिनीधीहरुले लेखेको संविधानद्धारा संस्थागत गरिएको प्रणाली हो ।

५ हाल विश्वव्यापी महामारीका रुपमा आएको कोरोना भाईरस (कोभिड-१९) ले मानवजाती, मानव सभ्यता लाई चुनौती दिएको छ । विज्ञान र प्रविधिको विकास र आर्थिक दृष्टिले सम्पन्न भनिएका राष्ट्रहरु समेत कोरोनाको महामारीको छालमुनी निसासिएका छन् । समग्र विश्व व्यवस्था प्रति प्रश्न खडा भएको छ । कोरोना संकटले विश्व व्यवस्थालाई नै खलबलाइदिएको छ र एउटा नयाँ वहस सुरु भएको छ । जनता केन्द्रीत की नाफा केन्द्रीत नीति अपनाउने भन्ने कुरा नै आजको मुख्य प्रश्न बनेको छ । नेपालमा समेत कोरोनाको संकट बढीरहेको पृष्ठभूमिमा हामीले हाम्रो नीति कार्यक्रम प्रस्तुत गर्दैछौं ।

६ नीति तथा कार्यक्रमले विश्वव्यापी रुपमा उठिरहेको मुल प्रश्नबारे गम्भिर बन्नुका साथै आजसम्म आ-आपनो ठाउँबाट योग्दान गर्ने सबैको भुमिका र बुझाई लाई नयाँ स्तरमा उठाउन आवश्यक भएको छ । हाम्रो ७० बर्षको निरन्तर संघर्ष, महान जनयुद्ध र जनआन्दोलन त्यस क्रममा भएको त्याग वलीदानको इतिहास, शान्ति प्रकृया, संविधान सभा, संघीय गणतन्त्रको घोषणा सँगै निर्मित नयाँ संविधानले परिकल्पना गरेको समाजवाद

उन्मुख शासन व्यवस्था र आर्थिक विकास, प्रतिस्पर्धा, व्यक्तिगत स्वतन्त्रता सहितको सामाजिक न्यायलाई समायोजन गर्ने प्रयास महत्वपुर्ण हुनेछ । जनता शासन र देशका मालिक बन्ने र जनताको बलमा निर्मित सबै संघ संगठन, संस्था एवं सरकारहरुले व्यवस्थापकीय र शासकीय प्रणालीमा सक्षम बन्न अनिवार्य भएको छ ।

७ सामन्ती शासन विरुद्ध विद्रोहको प्रकृया संगै नयाँ राजनैतिक प्रणालीमा आइपुग्दा सामन्तवादी अवशेष र विद्रोही मानसिकताका कारण पैदा हुने असहिष्णुता र अराजकताबाट माथि उठाउदै कसरी न्यायपुर्ण, कानुनी शासन र सुशासन मार्फत समाजलाई समृद्धि र समानताको बाटोमा लैजान सकिन्छ । समाजमा रहेको जातीय अहंकार तथा जातीय हिनताको परिधिबाट माथि उठाउने संविधानको मर्म अनुसार विभेद रहित समाजको विकसित गर्न सक्छौ ? विद्यमान गरिबी र असमानताको अवस्थाबाट मुक्त गर्दै हामी सामाजिक न्याय कसरी स्थापना गर्न सक्छौं ? सामाजिक रुपान्तरण गर्दै सामुहिक जीवन पद्धतिलाई अंगिकार गर्न सहकार्य, श्रम, उत्पादन र सो अनुसार कला सँस्कृती, सामाजीक मुल्य मान्यता सँगै जनताको विचमा निरन्तर सुधारको प्रकृयाबाट दौडिन सक्ने हामी कसरी बन्छौं ? जनताको श्रम, उपल्बध श्रोत र सिमित पुजीको परिचालन मार्फत उत्पादक शक्तिको विकास, उत्पादनका साधनहरुमा समुदायको सामुहिक स्वामित्व स्थापित गर्न हामी कसरी अगाडि बढन सक्छौं ? आदि आदि धेरै प्रश्नहरुले हाम्रो सामु उत्तर खोजी रहेको छन ।

८ यस विच घटेका घटना, त्यसको कारण, त्यसप्रतिको बुझाई, न्याय र अन्यायको सन्देश समेतबाट हेर्दा हामीले सरकारको निरन्तरताको नीति तथा कार्यक्रमले मात्र पुग्ने देखिदैन । तसर्थ हामीले सरकार संञ्चालनमा जनताको सहभागितालाई मुर्तिकृत गर्न, सामाजिक क्षेत्रका विभिन्न पक्षमा सामुहिक नेतृत्व निर्माण गर्न, सामाजिक रुपान्तरण र आर्थिक विकासलाई एउटै प्राथमिकताका साथ अगाडि बढाउन जनताले हामीलाई सुम्पीएको जिम्मेवारीको आधारमा नेपालको संविधानको मर्म भावना र सरकार सञ्चालनका ऐन नियमका आधारमा हामीले जनताको सामाजिक संरचना तयार पारी सो मार्फत समाजवादको आधार तयार गर्ने प्रकृयामा लिनै पर्दछ । समाजलाई रुपान्तरण गर्न जनप्रतिनिधिहरुले कडा राजनैतिक र आर्थिक अनुशासन लागु गर्नु पर्दछ । जनताका हरेक प्रश्नको जवाफ दिन सामन्तवादी अहम, नोकरशाही कार्यशैली, व्यक्तिवादी, पुजीवादी संस्कार र व्यक्तिगत स्वार्थ विरुद्ध खडा भई त्याग मार्फत जनतासँग एकाकार हुने कुरालाई आत्मासाथ गर्नु पर्दछ । संस्थागत विकासबाट मात्र सरकार बलियो र सफल हुने भएकाले हाम्रा सबै संस्थाहरुको सुदृढीकरण र विकास अपरिहार्य छ । निरन्तर विकास र रुपान्तरणका लागि आवश्यक संस्थाहरुको निर्माण पनि त्यतिकै महत्वपुर्ण हुन्छ ।

९ कोभिड- १९ बाट उत्पन्न संकट व्यवस्थापन गर्न नगर सरकार उच्च प्राथमिकताको साथ सक्रिय रहेको छ । विदेश तथा स्वदेशमा नगर क्षेत्र बाहिर रहेका घर फिर्ता हुन प्रयत्नरत

नगरवासी नागरीकहरुको मानवीय संवेदनालाई उच्च महत्व दिदै सहजीकरण, नगर क्षेत्रको प्रवेश हुने विभिन्न नाकामा स्वास्थ्य जांचको लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको सघन परिचालन, नगर तथा वडा स्तरमा क्वारेन्टिनको व्यवस्था, मुसिकोट नपा १ सल्लेमा आइसोलेसन कक्षको निर्माण तथा संचालन, आवश्यक औषधी, स्वास्थ्य सामाग्री र आवश्यक पूर्वाधार निर्माणको लागि नगरले बजेट प्रवाह तथा जनशक्ति परिचालन गरिहेको छ। आवश्यकताको आधारमा आगामि बर्षमा तत् सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

१० महामारी र बन्दाबन्दीवाट प्रभावित गरीव असहाय तथा विपन्न परिवार, दैनिक कमाई गरी जीवन यापन गर्ने व्यक्तिहरुलाई लक्षित गरी नगरले तयार गरेको मापदण्ड अनुसार सम्वन्धित वडावाट राहत उपलब्ध गराइएको छ। आवश्यकता अनुसार आगामी बर्षमा पनि राहात तथा सहयोग सामाग्री उपलब्ध गराइनुका साथै श्रम तथा सिपमा आधारित रोजगारमुलक कार्यक्रम संचालन गरिनेछ।

११ महामारीको नियन्त्रण, रोकथाम र उपचारको अग्रपङ्तिमा रहेर महत्वपूर्ण योगदान गर्नु हुने स्वाथ्यकर्मी, सुरक्षाकर्मी सरसफाईकर्मी तथा सञ्चारकर्मीप्रति उच्च सम्मान र आभार प्रकट गर्दछु। यस विषम परिस्थितिमा नगर विपद व्यवस्थापन कोषमा योगदान गर्ने दाताहरु महामारीको प्रभाव न्यूनिकरणमा खटिनुहेने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी सामाजिक तथा गैरसरकारी संघ संस्था र बन्दाबन्दी एवं व्यक्तिगत तथा भौतिक दुरीको पालन एवं संयम अपनाई नगर सरकारलाई सहयोग गर्नुहुने सम्पूर्ण नागरीकहरुमा हार्दिक आभार प्रकट गर्दै, आगामी दिनमा यस माहामारीलाई परास्त गर्ने अभियानमा सवैले आ-आफनो स्थानवाट थप महत्वपूर्ण योगदान पुऱ्याउन आह्वान गर्दछु।

१२ विदेशबाट आएका तथा स्वदेशमा रहेका नागरीहरुको बढी भन्दा वढी स्वास्थ्य परिक्षण गराई संक्रमितहरुको उचित उपचारको व्यवस्था मिलाइएको छ। महामारीवाट हुन सक्ने संभावित जोखिमहरुलाई न्यूनिकरण गर्दै नागरीकहरुको आत्मविश्वास अभिवृद्धि गरी आर्थिक गतिविधिहरुलाई नियमित गरिनेछ।

१३ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ को कारण नगरको यस चालु आर्थिक वर्षमा संचालन गर्ने विकास निर्माण तथा सेवा प्रवाहका कार्यक्रमहरु प्रभावित हुन पुगेका छन्। जसका कारण अपेक्षीत प्रतिफलहरु हासिल गर्नु हाम्रो सामु ठूलो चुनौति रहेको छ।

१४ परिवर्तित सन्दर्भमा आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्न यस सुन्दर नगरी मुसिकोट नगरपालिकाका आम नगरवासी समुदायहरुलाई समृद्धीको बाटोमा अघि बढाउने सपनाको साथ संघियता पछिको चौथो आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दै यस नगरपालिकाको सातौं नगरसभा सम्पन्न गर्ने प्रक्रियामा रहेका छौं। विगत तीन वर्ष देखी संघीय शासन प्रणालीको यात्राको क्रमममा स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वाताबरण वनेको छ। अबको समयलाई आर्थिक र सामाजिक

रुपान्तरणको रुपमा उपयोग गरी सम्पूर्ण नगरबासीको जनचाहना अनुरुप तिव्र आर्थिक विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो । आत्म निर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्न स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो । खुल्ला तथा समाजबाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो ।

**नगर सभा सदस्य ज्युहरु !**

१५ स्थानीय सरकार संचालनको विगत तीन वर्षको अनुभवबाट प्राप्त सिकाइहरुलाई आत्मसाथ गर्दै, नगरवासीहरुलाई राजनैतिक क्रान्तिपछि सामाजिक तथा आर्थिक क्रान्तिको समेत महशुस गराउने लक्ष्यका साथ शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, आर्थिक विकास, रोजगार तथा विपद व्यवस्थापन जस्ता जनताका सबैभन्दा बढी प्राथमीकताका मागहरुलाई प्रमुख गन्तब्य बनाइ यस मुसिकोट नगरपालिकाको नगर सरकारको तर्फबाट माथी उल्लेखित चुनौतीहरुलाई सामना गर्न आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रमहरु प्रस्ताव प्रस्तुत गर्नको लागि यस सभा मार्फत अनुमति चाहन्छु ।

**भु उपयोग नीति :**

**"जमिन नै जननी हुन, जमिनको प्रयोगबाट नै समृद्धीको बाटोमा जान सकिन्छ"** भन्ने मुल मान्यताको साथ मुसिकोट नगरपालिकाले भु-उपयोग सम्बन्धि नीति तथा कार्यक्रम ल्याएको छ ।

१६ नगरको सम्पुर्ण क्षेत्रलाई कृषि क्षेत्र, वन क्षेत्र, आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, र साँस्कृतिक तथा पर्यटकिय क्षेत्र, एवं सार्वजनिक तथा खुल्ला क्षेत्र, निर्माण समाग्री उत्खनन् क्षेत्र र खोला तथा नदीको तटीय क्षेत्र गरी जम्मा ९ वटा भु-उपयोग क्षेत्रमा विभाजन गरी यसको संरक्षण, उपयोग र व्यवस्थापन गरिनेछ ।

१७ नगरको समृद्धीको मुख्य आधार कृषि प्रणाली भएको कारणले नगरपालिकाको कुल क्षेत्रको कम्तिमा पनि ३० प्रतिशत क्षेत्रफल कृषि क्षेत्रको रुपमा कायम गरिनेछ ।

१८ भु-उपयोग प्रणालीमा आधारित रहेर कार्यक्रम, व्यवसाय, क्रियाकलाप संचालन गर्ने व्यवसायी र उद्योगीहरुलाई थप प्रोत्साहन गरिनेछ ।

१९ जमिनको व्यवसायिक उपयोग गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ भने जमिनको सदुपयोग नगर्ने व्यक्ति तथा जग्गाधनीहरुलाई निरुत्साहन गरिनुका साथै दण्ड सजाय गर्ने नीति लागु गरिने छ । नगर क्षेत्रभित्र रहेका खुल्ला चौर, विद्यालय, खेलमैदान, सल्ले विमानस्थल लगायतका क्षेत्रहरुलाई सार्वजनिक खुल्ला क्षेत्रको रुपमा समेत पहिचान गरिएको छ । उक्त क्षेत्रहरुलाई विपदको समय लगायत अन्य आवश्यक पर्दाका समयमा समेत उपयोग गर्ने गरी व्यवस्थापन गरिनेछ । भेरी नदी तथा तटिय क्षेत्रहरुलाई निर्माण सामाग्री उत्खनन् क्षेत्रको रुपमा पहिचान गरी मुसिकोट नगरपालिका र वाहिरको क्षेत्रमा

समेत निर्माण सामाग्रीहरुको समुचित उपयोग गरी नगरपालिकाको राजश्वमा वृद्धी गर्ने र यस क्षेत्रको आर्थिक समृद्धीमा जोडिने छ । यसको लागि प्रारम्भिक वातावरणीय प्रभावको मुल्यांकनका आधारमा उत्खनन् स्थल र परिमाण तय गरिनेछ ।

२० मुसिकोट नगरपालिकाभित्र बन्ने सबै भवनहरुको लागि मुसिकोट नगरपालिकाको भवन आचारसंहिता बमोजिम मात्र नक्सा पास गरिनेछ । भु-उपयोगका अन्य कार्यहरु भु-उपयोग गुरुयोजनामा उल्लेख भए बमोजिम हुनेछन ।

**आर्थिक विकास : कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र वित्तिय ।**

**कृषि**

२१ कृषिजन्य वस्तुहरु उत्पादन तथा बिक्री समूह, कृषि फर्म तथा सहकारीहरुलाई नगर प्रमुख कृषि प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

२२ मुसिकोट नगरपालिकालाई प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धन गर्न भकारो सुधार, जैविक मल प्रयोग, करार खेती, सहकारी खेतीलाई प्रभावकारी रुपमा संचालन गरिने छ । साथै बजार क्षेत्रमा प्राङ्गारिक उत्पादन पाईने पसलहरु संचालन गर्न स्थानीय समुदाय वा सहकारीलाई सहयोग गरिने छ ।

२३ कृषि व्यावसायलाई व्यावसायिक र मर्यादित पेशाको रुपमा अगाडी बढाउन वाली विमा कार्यक्रम संचालन गरिने छ ।

२४ खेती योग्य जमिनमा खेती नगरेर बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । साथै खाद्य सुरक्षालाई प्रभावकारी वनाउन बाँझो जग्गा उपयोग प्रोत्साहन सम्वन्धी कार्यक्रम संचालन कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

२५ मुसिकोट नगरपालिका भित्रका सबै वडाहरुमा एक घर एक करेसावारी बनाउन प्रोत्साहित गरिने छ ।

२६ एक वडा एक उत्पादन गर्नको लागि कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादन र उत्पादकत्व बढाउन कृषि सामाग्री, ज्ञान, सीप, पूँजी र प्रविधिको प्रयोगलाई व्यापक बनाईने छ ।

२७ कृषि उत्पादनलाई भण्डारण गर्नको लागि आधुनिक शीत भण्डारण स्थापनामा सार्वजनिक, नीजि, साझेदारीको मोडेल अवलम्बन गरिने छ ।

२८ उत्पादनमा ह्रास आउन नदिन र माटो अनुसार खेती गर्नको लागि माटो परिक्षण गराई माटो सुधारको लागि कार्यक्रम संचालन गरिने छ ।

२९ कृषिमा आधारित उद्योगलाई प्रोत्साहित गरिने छ ।

३० खेती योग्य असिंचित जमिनमा सिंचाई सुविधाको लागि साना सिंचाई तथा सहकारी सिंचाई कार्यक्रम संचालन गरिने छ ।

३१ मुसिकोट नगरपालिका कृषि विकास शाखालाई प्रविधिमैत्री बनाईने छ ।

३२ नगर क्षेत्र भित्र कृषि विकास आयोजना तथा परियोजनाहरुसंग समन्वय गरि साझेदारीमा कार्यक्रमहरु संचालन गरिने छ ।

३३ नगरपालिका क्षेत्रका कृषि योग्य भूमीलाई भुउपयोग नीति अनुसार व्यवस्थापन गरी कृषि उत्पादनमा दिगो र आत्मनिर्भर बनाइनेछ ।

३४ स्थानीय रुपमा उत्पादन भएका कृषि उत्पादनको गुणस्तर कायम गरी कृषि बजारमा वाह्य वस्तुहरुसँग प्रर्तिस्पर्धि बनाउनुका साथै बाह्य खाद्यन्न समाग्रीहरुलाई प्रतिस्थापन गरिनेछ ।

३५ कृषि उत्पादनमा आधारीत उद्योगहरुको स्थापना, संचालन तथा व्यापार प्रर्वद्धन गरी युवाहरुलाई स्वरोजगार स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

३६ स्थानीय कृषि जैविक विविधताको संरक्षण गर्ने तथा कृषि जैविक विविधताको अभिलेख कायम गर्ने र कृषि क्षेत्रमा वौद्धिक अधिकार कायम गरिने छ ।

३७ सघन कृषि प्रणालीको माध्यमबाट कृषि भुमीको उत्पादकत्वमा वृद्धि गर्ने । कृषि क्षेत्रको उत्पादन दर वृद्धी गरिने छ।

३८ कृषि वन प्रणालीको माध्यमबाट कृषि र वातावरण क्षेत्रको सन्तुलन कायम गरिने छ ।

३९ हाल भईरहेको परम्परागत निर्वाहमुखी कृषि पेशालाई कृषि यान्त्रिकरणको माध्यमबाट आधुनिकीकरण गरी व्यवसायमुखी कृषि व्यवसायमा बदलिने छ ।

४० तरकारीका उन्नत वीउ उत्पादनमा नेपालकै अग्रस्थानमा रहेको यस नगरपालिका भित्र तरकारी वीउ उत्पादन बृद्धि गर्न वीउ उत्पादक कृषकहरुलाई सहयोग गर्ने ।

४१ वेमौषमी तरकारी खेतीलाई व्यासायिक र दिगो बनाउन प्रविधिको व्यापक बिस्तार गर्नको लागि प्रविधि विस्तार कार्यक्रम संचालन गरिनेछ साथै नगरपालिका क्षेत्रभित्र रहेका शहिद तथा दलित परिवारको लागि तरकारीमा आत्मनिर्भर बनाउन यसै आ.व.मा एक घर एक करेसावारी निर्माण कार्यको थालनी गरिनेछ ।

४२ कोभिड-१९ महामारीको अवस्थामा नगरक्षेत्रभित्र रहेका सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुमा कुषोण बढन सक्ने जोखिमको अवस्था देखिएकोले उनीहरुको पोषण स्थितिमा सुधार गर्नको लागि विगत वर्षदेखी नेपाल सरकारको सहयोगमा सन्चालन भइरहेको बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

४३ दुध विक्रि गर्ने किसानलाई प्रोत्साहन स्वरुप प्रति लिटरका दरले अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४४ कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिक र मर्यादित पेशाको रुपमा अगाडि बढाउन विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५ पशुपन्छिमा देखा पर्ने आकस्मिक रोग तथा पशुपन्छिवाट मानिसमा र मानिसवाट पशुपंक्षीमा सर्ने जुनोटिक रोगमा कमी ल्याउन जनचेतनामूलक कार्यक्रम, खोप सेवा कार्यक्रम, रोग निदान उपचार सेवा कार्यक्रमलाई प्रभाकारी बनाइनेछ ।

४६ उत्पादन तथा उत्पादकत्व वृद्धिको मुख्य आधार, कृत्रिम गर्भाधारणद्धारा नश्ल सुधार भएकोले गाईभैसी र बाखामा कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । साथै कृत्रिम गर्भाधारण कार्यक्रम पहुंच नभएको स्थानमा नश्ल सुधारको लागि उन्नत जातको रागो तथा बोका वितरण गर्न कार्यक्रम संचालन गरिनेछ ।

४७ नगरपालिकालाई मासु, अण्डा, दुध र दुग्धजन्य पदार्थमा आयत प्रतिस्थापन गरी आत्मनिर्भर बनाउनको लागि व्यवसायिककरण गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

४८ यस नगरपालिका भित्र संचालनमा रहेका व्यवसाहिक फार्म, समुह, दाना पसल, मासु पसल, औषधि पसल र डेरी उद्योग तथा संकलन केन्द्रहरुलाई व्यवस्थित गर्न सुधार तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

४९ **घांसमा आधारीत पशुपालन गरौं, उत्पादन लागत घटाउ, आम्दानी बढाऔं** भन्ने उद्धेश्यका साथै बाँझोपन जस्ता समस्या न्यूनिकरण हुने पशु स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भु:क्षय वातावरण संरक्षण तथा जलवायू परिवर्तनमा न्यूनिकारणमा मद्धत पुग्ने हुंदा विभिन्न प्रजातिका डाले तथा भूइ घाँसका विउ, वेर्ना वितरण गर्नुका साथै व्यवसायिक घाँस खेतिको कार्यक्रम संचालन गरिनेछ ।

५० संघ तथा प्रदेशवाट संचालन गरिने कृषि तथा पशुपंक्षी सम्वन्धी विभिन्न कार्यक्रमहरुमा नगरको लागत सझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

५१ नगरपालिका भित्र दुध तथा दुधजन्य उत्पादनलाई भन्डारण तथा बजारीकरणको लागि वडा स्तरमा क्रमश: साना दुग्ध संकलन केन्द्र स्थापना गर्ने कार्यक्रम जोड दिइनेछ ।

५२ मासु अन्डा सहज आपुर्तिका लागी उन्नत तथा स्थानीय जातका पशुपन्छीको संरक्षण गर्दै ग्रामीण कुखुरा पालनलाई प्रोत्साहन गरिनेछ ।

५३ कृषि तथा पशुपन्छिपालन सम्वन्धी निर्धारण भएका पकेट क्षेत्रमा उत्पादन तथा उत्पादकत्व बढाउन कृषि सामाग्री, सीप, पूंजी र प्रविधिमैत्री कार्यक्रम विस्तार गरिनेछ ।

५४ कृषकहरुलाई प्राङगारकि कृषि उत्पादन प्रवर्द्धन, गोठ/भकारो सुधार जस्ता कार्यक्रमहरु सन्चालन गरिनेछ ।

५५ पशु तथा पंक्षीजन्य व्यवसायिक किसानहरुको लागि नगर प्रमुख उत्कृष्ठ कृषक प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

५६ नगरपालिका भित्र मासु जन्य पशुपन्छिको निर्यातको लागि व्यवसायिक बाखा भेडा र लोकल कुखुरापालन कार्यक्रम संचालन गरिनेछ ।

५७ स्थानीय तहबाट वास्तविक विपन्न परिवारहरुको पहिचान गरी गरिव लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

५८ गरिव अति विपन्न दलित अपाङ्ग लगायतका लक्षित समुदायमा निःशुल्क तालिम सहित व्यवसाय शुरुवातको लागि विउपूँजी मार्फत स्वरोजगार बनाउन प्रोत्साहन गरिनेछ ।

५९ पशुहरुलाई सहजरुपमा औषधि सेवन, उपचार तथा नियन्त्रणको लागि एक वडा एक ट्रेविज निर्माण कार्यक्रम सन्चालन गरिनेछ ।

६० कृषकले उत्पादन गरेको कृषिजन्य वस्तु निर्यात गर्न ढुवानीको व्यवस्था गर्नुको साथै दुध जम्मा गर्न क्यान र काठका ठेका जस्ता सामाग्रीहरु लागत सहभागितामा उपलव्ध गराउने कार्यको शुरुवात गरिनेछ ।

६१ नगरपालिका भित्र घरपालुवा तथा भुस्या कुकरहरुको नियन्त्रणको लागि खोप तथा उपचार र बन्ध्याकरण जस्ता कार्यक्रम संचालन गरिनेछ ।

६२ हेरेर/देखेर सिक्ने प्रविधिको विकासको लागि नगरपालिका भित्रका कृषकहरुलाई अन्तर तथा वहिय जिल्ला कृषक अवालोकन भ्रमण जस्ता कार्यक्रम संचालन गरिनेछ ।

६३ पशुपालन सम्वन्धी विभिन्न जनचेतनामुलक जानकारी तथा प्रचारप्रसारको कार्यक्रमहरु संचालन गरिनेछ ।

६४ नगरपालिका भित्र पशुपालन व्यवसायलाई सुदृढिकरण गर्न, सहज रुपमा प्रविधिको सेवा नगरवासिको पहुंचसम्म पुऱ्याउन क्रमशः एक वडा एक पशुसेवा प्राविधिकको व्यवस्था गरिनेछ ।

६५ प्राविधिक सेवाको पहुंच नभएको स्थानमा पशु उपचार तथा पशु स्वास्थ्य शिविरको कार्यक्रम संचालन गरिनेछ ।

६६ कृषकहरुको भेडाबाखामा संक्रमण हुने वाह्रय परजिवी नियन्त्रण गर्ने कामका लागि प्रत्येक वडामा डिपिङ टयाङ निर्माण कार्य संचालन गरिनेछ ।

६७ विकेन्द्रीकरण कृषि प्रसार पद्दतीलाई अवलम्वन गर्दै दिगो कृषि विकासका लागि मुसिकोट नगरपालिका भित्र बसोवास गर्ने कृषि सेवा केन्द्र, स्थानीय कृषि स्रोत व्यक्ति, कृषक समुह, सहकारी, एग्रोभेटलाई विभिन्न कार्यक्रमहरुमा समावेश गराइनेछ ।

६८ यस नगरपालिकाको आफ्नै जनशक्ति, क्षमता तथा स्रोत साधनवाट मात्रै वडा तथा वस्ती तहमा वहुसंख्यक कृषकलाई प्रभावकारी एवं दिगोरुपले कृषि प्रसार सेवा संचालन गर्न कठिनाई महशुस भएको र पालिकाले मात्र नसक्ने देखिएकोले स्थानीय तहमा दिगो रुपमा कृषि प्रसार सेवा प्रवाहका लागि कृषि सेवालाई व्यवसायिक मोडेलको आवधारणा अन्तर्गत संचालन गर्नु पर्ने भएकोले यस नगरापलिका भित्र रहेका कृषि प्रसार कार्यमा संलग्न नीजि क्षेत्र, कृषि समुह, स्थानीय कृषि स्रोत व्यक्ति, तालिम एवं शैक्षिक संस्था आदीसंग सार्वजनीक सामुदायिक तथा नीजि साझेदारी प्रणालीको विकास गरी व्यवसायिक मोडेलमा आधारीत वहुपक्षीय कृषि प्रसार पद्दती मार्फत वस्ती स्तरसम्म एकीकृत कृषि सेवा प्रदान गर्ने संयन्त्रको स्थापना गरिनेछ ।

## पर्यटन

६९ नगरपालिका क्षेत्रमा पर्यटन व्यवसायको विकास तथा विस्तारको लागि नगर क्षेत्र भित्र रहेका स्थानीय कला तथा साँस्कृतीहरुको संरक्षण तथा प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरुको आयोजना गरी संचालन गरिनेछ ।

७० डिग्रे शाईकुमारी मन्दिर, कुप्रेकोटडाडा, ऐतिहासिक शहिद कामी वुढाको जन्म स्थान रहेको गाउँ, सीतल पोखरी, सल्ले सिद्ध गुफा, गोडा मर्चे ओडार, मुसीकोट भ्यु टावर, हन्जली गुफा, थुमाचौर भ्यूटावर, साँख दह, ठूली दह, बारीपोले शाईकुमारी मेला, पानेढुङ्गा गुफा, रातापहर भोटे गुफा, लुकभिर गुरिल्ला सुरुङमार्ग, चौखेढुङ्गा गुरिल्लावास स्थान, तिनबहिनी गणतन्त्र संचार भ्यूटावर, सानोभेरी नदिमा र्‍याप्टिङ, गुरिल्ला पदमार्ग, कृषि पर्यटन, शैक्षिक पर्यटन, जन्ती बस्ने डाँडा प्याराग्लाइडिङ, ठूलीमुल, सितल पोखरी, छापागैरा र सिद्ध गुफाको पर्यटन प्रबर्द्धन तथा विकास गर्न आवश्यक पहल गरिनेछ ।

## उद्योग तथा वाणिज्य

७१ नगरपालिका क्षेत्र भित्र रहेका युवाहरुलाई स्वरोजगार सृजना गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न यसै आ.व. देखी "नगर प्रमुख रोजगार कार्यक्रम" संचालन गरिनेछ ।

७२ मुसिकोट नगरपालिका ६ सुवाखोलामा उद्योग ग्रामको स्थापना र सन्चालन गर्न सम्वन्धीत निकायमा पहल गरिनेछ ।

७३ स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्न कोशेली घर निर्माण तथा सञ्चालन गरिनेछ ।

७४ स्थानीय श्रोत साधनमा आधारीत उद्यमशीलता कार्यक्रम गर्न प्रोत्साहन एवं सहजीकरण गरिनेछ ।

७५ नगरपालिकावाट सञ्चालित मासदाना उद्योगलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्रवर्द्धन तथा विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

७६ हाल नगर अन्तर्गत संचालनमा रहेका दुग्ध उद्योग लगायतका अन्य उद्योगहरुको विकास तथा प्रवर्द्धन गरिनेछ ।

## सहकारी र वित्तिय

**७७** "नगरका गाउँ गाउँमा सहकारी, घरघरमा भकारी" भन्ने नारालाई साकार पार्न कृषि सहकारी, श्रम सहकारी, वहु उद्देश्यीय सहकारी तथा ऋण तथा वचत सहकारी स्थापनाको लागि प्रोत्साहीत गरिनेछ ।

**७८** नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड दिइनेछ ।

**७९** कृषि उत्पादन र वजारिकरणमा सहकारीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

**८०** विपन्न किसानहरुको लागि आय आर्जन बृद्धि गर्नको लागि नगरपालिकामा नागरिक सहुलियत कर्जा कोषको स्थापना गरिनेछ ।

**८१** सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ ।

**८२** सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।

**८३** उत्पादन तथा श्रम सहकारी मार्फत श्रमिकहरुलाई एकिकृत गर्ने र श्रम र रोजगारीका कार्यक्रमहरु उक्त श्रम सहकारी तथा श्रमिक समुहहरु मार्फत संचालन गर्ने नीति लागु गरिनेछ ।

८४ विभिन्न कार्यक्रम तथा आयोजना मार्फत (गरीवी निवारण कोष, स्थानीय विकास कोष, गरिवसंग विश्वेश्वर कार्यक्रम, महिला विकास कार्यालय तथा अन्य कार्यक्रम) समुदाय स्तरका समूहहरुलाई उपलब्ध गराएको पुँजी रकम तथा समुहले वचत गरेको विगतदेखी विष्कृय रहेको रकमको अध्यावधिक गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरी सो रकमलाई समुदायमा रोजगारी सृजना, आयआर्जन र उत्पादनमूलक कार्यमा परिचालन गरिनेछ ।

८५ वित्तिय साक्षरता अभियान सञ्चालन गरी सुन्य मौज्जदात (Zero Balance) मा एक व्यक्ति एक बैंक खाता/वित्तिय संस्था सहकारी संस्थामा खाता सञ्चालन कार्यक्रम लागू गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**समुदाय परिचालन तर्फ :**

८६ हाल समाजमा विद्यमान रहेका कुरीति एवं कुसंस्कारहरुको अन्त्य तथा असल संस्कृति एवं सभ्य समाजको निर्माण गर्न सामाजिक, सांस्कृतिक रुपान्तरण कार्य गर्न सामाजिक रुपान्तरण र सुधार समिति गठन गरी परिचालन गरिनेछ ।

८७ नगरको रोजगार, उत्पादन तथा विकास निर्माणका क्षेत्रमा प्रभावकारीता ल्याउनका लागि सहकार्य इकाई, महिला, दलित, वेरोजगार श्रमशक्तिको समुह, सहकारीमा संगठित गर्न, श्रमिक र युवाहरुलाई श्रम सहकारी (प्रत्येक वडामा कम्तिमा १०० जनाको श्रमसहकारी गठन र परिचालन) मा संगठित गर्न रोजगार र उत्पादन क्षेत्रको खोजी र पहिचान गर्न, प्रविधि साधन श्रोतको खोजी र आपुर्ति, बजारीकरण उद्योग स्थापना कार्यमा सहयोग, तालिम मार्फत क्षमता विकासका साथै उत्पादन क्षेत्रमा जनपरिचालन तथा नेतृत्व प्रदान गर्न, उत्पादक शक्तिको विकास र उत्पादनका साधनमा सामुहिक स्वामित्व स्थापना गर्न कार्यविधि निर्माण गरी नगर भित्र रोजगार, उत्पादन तथा विकास निर्माण समिति गठन गरी परिचालन गरिनेछ ।

**सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति, दलित, द्वन्द्व पिडीत, आदवासी जनजाती)

**शिक्षा**

८८ शिक्षकको पेशागत दक्षता अधिवृद्धि गर्दै गुणस्तरमा सुधार ल्याउनका लागि पेशागत क्षमता विकासमा जोड दिइनेछ ।

८९ विद्यालय स्तरको परिक्षा तथा मुल्यांकनलाई नगरपालिका स्तरमा स्टान्डर्ड कायम गर्नको लागि परिक्षा प्रणालीलई व्यवस्थीत र मर्यादित बनाइनेछ।

९० कोभिड १९ को कारणले निर्धारित समयमा शैक्षिक कार्यतालिका बमोजिम पठनपाठन हुन नसकेकोले महामारी नियन्त्रण भई स्थिति सामान्य भए पश्चात यस वर्ष उक्त कार्यतालिकलाई समायोजन गरी पठनपाठनलाई सूचारु गरिनेछ।

९१ कोभिड १९ को माहामारीको नियन्त्रण हुननसकी विद्यालयहरुमा लामो समयसम्म पठन पाठन अवरुद्ध हुन गएमा विद्यार्थीहरुलाई शिक्षण सिकाईका वैकल्पिक विधिहरुको अवलम्वन गरिनेछ।

९२ विद्यालय जाने उमेर समुहका सवै बालबालिकाहरुलाई आधारभूत शिक्षामा पहुंच सुनिश्चितता गरिनेछ।

९३ युवाहरुको सीप, क्षमता र दक्षतालाई अभिवृद्धि गर्नका लागि युवा सीप विकास कार्यक्रम तथा उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

९४ संस्थागत विद्यालयको वर्गीकरण गरी उक्त वर्गीकरणका आधारमा शुल्क निर्धारण गरिनेछ र यस्ता विद्यालयहरुलाई सेवामुखी बनाइनेछ।

९५ संघीय सरकारवाट तोकिएको राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई निरन्तरता दिदै यसका लागि नगरपालिकावाट आवश्यक थप बजेट विनियोजन गरी वित्तिय साझेदारीमा विद्यालयस्तरको खेलकुद कार्यक्रम संचालन गरिनेछ।

९६ "राष्ट्रको लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद" भन्ने नारालाई आत्मसाथ गर्दै नगर स्तरमा विभिन्न खेलकुदका कार्यक्रम संचालन गर्न नगर प्रमुख कप खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९७ विद्यालय स्तरमा भएका सम्पूर्ण शैक्षिक, भौतिक र प्रशासनिक गतिविधिहरुको सार्वजनीक सुनुवाईको लागि प्रत्येक दुई महिनामा प्रधानाध्यामक बैठक संचालन तथा व्यवस्थापन गरिनेछ।

९८ नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप संचालन, परीक्षा व्यवस्थापन र अन्य सम्पूर्ण क्रियाकलापहरु समेटीने गरी नगरपालिकाको शैक्षिम क्यालेण्डर निर्माण गरिनेछ।

९९ सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखी १० सम्म अध्ययनरत विद्यार्थीहरुको बार्षिक परीक्षा संचालन, व्यवस्थापन र नतीजा प्रकाशनमा लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले व्यहोरी नि:शुल्क परीक्षा गराउने व्यवस्था मिलाइनेछ ।

१०० नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०७४ देखी उपलव्ध गराइएको नगर स्वयंसेवक शिक्षक कोटालाई निरन्तरता दिइनेछ र यसवाट विद्यार्थी संख्याको अनुपातमा दरबन्दी कम भएका र दरबन्दी नभएका विद्यालयहरुमा शिक्षकको उपलव्धता भई पठनपाठनमा सुधार गरिनेछ ।

१०१ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा सुधार ल्याउनको लागि माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना तथा संचार प्रविधिको पहुंच, शैक्षिक सामाग्रीहरुको उपलव्धता र उत्कृष्ट नतिजा तथा कार्यसम्पादन हासिल गर्ने विद्यालयहरुलाई थप प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

१०२ सामुदायिक विद्यालयहरुमा कक्षा १ देखी ५ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि तोकिएको पौष्टिक तत्वहरुको मात्रा रहने गरी दिवा खाजाको व्यवस्था गरिनेछ ।

१०३ सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारी भएको बेला प्रयोग गर्ने स्यानिटरी प्याड निशुल्क उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०४ प्रधानाध्यापकको कार्यक्षमता र जिम्मेवारीलाई जवाफदेही गराउनका साथै आगामी शैक्षिक सत्र देखी विद्यालयका प्रअहरुको कार्यसम्पादन करार गरिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने प्रअहरुलाई पुरुस्कृत गरिनेछ भने कार्यसम्पादनमा उल्लेखित शर्त पुरा नगर्ने प्रअहहरुको जिम्मेवारीमा समेत हेरफेर गरिनेछ ।

**स्वास्थ्य**

१०५ मुसीकोट नगरवासीहरलाई सर्वसुलव र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न नीतिगत, कानूनी र संरचनागत सुधार गरिने छ ।

१०६ विपन्न नागरिकलाई संविधानको भावना अनुसार गुणस्तरीय सेवामा सुलव पहुंच पुऱ्याई सामजिक स्वास्थ्य सुरक्षा वीमाको माध्यामवाट निशुल्क सेवा दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०७ महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत, जनआन्दोलन तथा जनयुद्धका क्रममा शहीद भएका शहीद परिवार, घाइते अपाङ्ग, अशक्त सबैलाई आधारभूत स्वास्थ्य

सेवाको प्रत्याभूती गराई स्वास्थ्य सेवामा प्राथमिकता दिइने छ । जेष्ठ नागरिक शिविर वर्षमा १ पटक संचालन गरि सेवा दिइने छ ।

१०८ गुणस्तरीय सेवाको सुनिश्चित गरी स्वास्थ्यका पूर्वाधार विकासमा जोड दिंदै सेवाको अनुगमन तथा सुपरीवेक्षण गरिने छ ।

१०९ मुसीकोट ६ झुलखेतमा संचालित प्रगोगशाला केन्द्रको सेवालाई स्तरोन्नती गरिने छ ।

११० आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना नभएका वडाहरुमा आगामी वर्ष स्थापना गरी संचालनमा ल्याइने छ ।

१११ कोभिड-१९ को प्रभाव बढदै गइरहेको सन्दर्भमा स्वास्थ्य, सुरक्षा, उपचार, व्यवस्थापन, उत्पादनका साथ दैनिक जीवन सञ्चालनका लागी आवश्यकता अनुसार ७, ९, ११ घर परिवारलाई समेटी महिलाको नेतृत्वमा वस्ती स्तरमा सहकार्य इकाई निर्माण गरी कार्य सम्पादन गर्न सहज वातावरण बनाइनेछ ।

११२ कोभिड १९ लगायतका माहामारी संग जुध्न नगरपालिकामा सरकारी तथा गैह्र सरकारी निकायसंगको सहयोग र सहकार्यमा काम गरिने छ । नेपाली सेना र मुसीकोट नगरपालिकाको साझेदारीमा मुनपा १३ मा ५ शैयाको सुविधायुक्त अस्पतालको निर्माण गरिने छ ।

११३ कोभिड १९ माहामारी लक्षित २ वटा (CICT) संक्रमित पहिचान तथा संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोज पडताल गर्ने टिम गठन गरी प्रभावकारी परिचालन गरिने छ ।

११४ पूर्ण खोप सुनिश्चितता र दीगोपनालाई निरन्तरता दिइने छ ।

११५ जोखिममा परेका गर्भवती महिला र आकश्मिक दूर्घटनामा परेका व्यक्तिहरुलाई नगरपालिकाले निशुल्क एम्वुलेन्स उपलव्ध व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११६ आवश्यकता अनुसार स्वास्थ्य चौकीहरुमा वर्थिङ्ग सेन्टर विस्तार गरिने छ ।

११७ नेपाल रेडक्रस, स्वास्थ्य सेवा कार्यालय, नेपाली सेना र सेरोकारवालासंग समन्वय गरी वलड वैंक स्थापना गर्न पहल गरिनेछ ।

११८ नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको वर्षमा १ पटक रगतको समुहको परीक्षण गरि कार्ड वितरणको थालनी गरिने छ ।

१११९ संभावित मधुमेहका विरामीहरुको रगतमा गुल्कोजको मात्रा जांच गर्न वडाको आर्थिक सहयोगमा सवै वडामा स्वास्थ्य जांच शिविर संचालन गरिने छ ।

१२० सहयोगी संस्थाको साझेदारीमा नगर भित्रका स्वास्थ्य संस्थाका १ जना स्वास्थ्यकर्मीलाई दन्त सेवा अन्तरगत दांत निकाल्ने प्राविधिक ज्ञान, सीप प्रदान गर्न क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।

१२१ हाल मुसिकोट नगरपालिका वडा नं. १ सल्लेमा रहेको आँखा अस्पताल प्रभावकारी संचालनका लागि आवश्यक व्यवस्थापनका लागि  सहयोग गरिनेछ ।

१२२ मुसिकोट आयुर्वेद अस्पतालवाट भइरहेको आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारीता बनाइनेछ ।

१२३ कोभिड १९ रोग र नसर्ने तथा दीर्घ रोगको व्यवस्थापनमा योग तथा आयुर्वेदलाई प्रभावकारी रुपमा संचालन गरीनेछ ।

१२४ स्थानीय स्तरमा औषधीका रुपमा प्रयोग भइरहेका जडीबुटीहरुको वारेमा परम्परागत स्वास्थ्यकर्मी तथा स्वयं सेविकाहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**महिलाः**

१२५ नगरपालिको टोल, वडास्तरमा महिला समुह, समिती र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण गर्न सीपमुलक, चेतनामुलक, कानुनी तालिम, नेतृत्व विकास तालिम, प्रस्तावना तालिम तथा आयआर्जनमा बृद्धि गर्न क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२६ लैंगिक हिंसा, घरेलु हिंसा सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी हिंसा बिरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइनेछ ।

१२७ हिंसामा परेका महिलाहरुलाई आपतकालिन उद्धारका लागी सेफ हाउस व्यवस्थापनका गर्न आवश्यक सहयोग गरिनेछ ।

१२८ महिलाहरुमा हुने वा हुन सक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमशः स्वास्थ्य शिवीर सञ्चालन गरिनेछ ।

१२९ महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागी महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा छुट दिने व्यवस्था अवलम्वन गरिनेछ ।

१३० एकल महिलाहरुको लागि जिवीकोपार्जन गर्न आवश्यक पहल गरिनेछ ।

१३१ लैगिक हिंसा निवारण र पुर्नस्थापना सम्वन्धी कोषको स्थापना गर्ने ।

१३२ स्थानीय तहका कार्यक्रम तर्जुमा गर्दा लैंगिक विश्लेषण र लैंगिक बजेट प्रणालीलाई अनिवार्य गर्दै अनुगमन तथा मूल्यांकनका संयन्त्र निर्माण गर्ने ।

१३३ महिलाहरुको पक्षमा तर्जुमा गरिएका ऐन नियम तथा कानुनहरुलाई समुदायका महिलाहरु समक्ष पुऱ्याउनको लागी आवश्यक क्रियाकलापहरु (गोष्ठी, बैठक, एफ.एम प्रशारण र अभिमुखिकरण कार्यक्रम) सञ्चालन गर्ने ।

१३४ श्रोत र साधनमा महिलाहरुको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमलाई प्राथमिकता दिईनेछ

१३५ लैंगिक समानता, मूलप्रवाहीकरण र महिला सशक्तिकरणको पक्षमा विभिन्न सचेतनामूलक अभियान संचालन गर्दा समुदाय र गैर सरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा गर्ने ।

१३६ पति पत्नी दुवैको नाममा सवै सम्पती संयुक्त लालपुर्जा भएमा सम्मान गर्ने र मालपोतमा लाग्ने खर्च छुट गरिनेछ र भए नभएको अनुगमन गर्नको लागी संयन्त्र स्थापना गर्ने ।

**बालबालिका:**

१३७ बालश्रम शोषण, बालबिबाह र बालहिंसा एवं बाल दुर्व्यवहार न्युनीकरण गर्न कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।

१३८ गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा बालमैत्री टोल, वडा हुदै बालमैत्री नगर स्थापना गर्न आवश्यक पहल गरिने छ ।

१३९ आपतकालिन वाल उद्धार कोष सञ्चालन गरिनेछ ।

१४० विद्यालय, नगर तथा वडामा बालक्लव गठन गरी चेतना अभिवृद्धिमुलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ

१४१ टुहुरा, अनाथ, एवं संरक्षण विहीन बालबालिकालाई वैकल्पिक संरक्षणका लागी उचित व्यवस्थापनका लागी पहल गरिनेछ ।

१४२ उमेर पुगेका शिक्षाबाट वञ्चित एवं पहुँचमा पुग्न नसकेका सम्पूर्ण बालबालिकालाई शिक्षाको मुल धारमा ल्याइनेछ ।

१४३ बालबालिकामा पर्न सक्ने मनोसामाजिक प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका वालमैत्री कक्षा, शिक्षक र बाल विकास केन्द्रको सहयोगी शिक्षीकालाई सामाजिक मनोचिकित्सा सम्वन्धी प्रशिक्षण तालिम सञ्चालन गरिने नीति लिइनेछ ।

१४४ जनयुद्धका महान शहिद परिवार जनलाई सम्मान र रोजगारमुलक कार्यमा सहभागी गराउनको लागि विशेष पहल गरिनेछ ।

१४५ स्थानीय तहमा सडक तथा बेवारिसे बालबालिकाहरु लगायत दुर्व्यशनमा फसेका बालबालिकाहरुको पहिचान गरी उनीहरुको पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ ।

१४६ बालबिबाह अन्त्य गर्ने राष्ट्रिय रणनिति २०७२ को कार्यान्वयन गर्न कार्यक्रमहरुको पहिचान, तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गरिने नीति अवलम्बन गर्ने ।

१४७ बालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्न बाल संवेदनशिल बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

**अशक्त /अपांगता:**

१४८ यस नगरपालिका भित्र भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ ।

१४९ नगरपालिका भित्रका अपांगता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाइ लागु गरिने छ ।

१५० अपांगता भएका व्यक्तिहरुको सहज जिवन यापनका लागी आवश्यकताका आधारमा सीपमुलक तालिम दिइनेछ ।

१५१ अपांगता भएका व्यक्तिहरुलाई सहजरुपमा अपांगता परिचय पत्र वितरणको व्यवस्था गरिनेछ ।

**जेष्ठ नागरिक:**

१५२ समाजमा ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जिउने वातावरण सिर्जना गरिनेछ ।

१५३ सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रक्रियाबाट सहज रुपमा बितरण गर्ने व्यबस्था गरिने छ ।

१५४ ज्येष्ठ नागरिकसँग भएको ज्ञान तथा अनुभवलाई पुस्ता हस्तान्तरण कार्यक्रम गर्नुका साथै दिवा सेवा सन्चालन गरिनेछ ।

१५५ ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी क्रमश: स्वास्थ्य शिवीर सञ्चालन गरिनेछ ।

१५६ जेष्ठ नागरिक दिवसहरु तथा जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम गरिने छ ।

१५७ सम्पूर्ण नगरबासी नागरिकहरुलाई नागरिकता सिफारिस निशुल्क गरिने छ ।

१५८ गोकर्ण बृद्धा आश्रमको आबश्यक व्यबस्थापन गरिनेछ ।

**दलित**

१५९ दलितसंग अन्तरजातीय विवाह गरी सहर्ष स्वीकार गरेका गैर दलितका परिवारका अभिभावक तथा सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम गरिनेछ ।

१६० भुमिहिन तथा घरवार विहिन दलित परिवारका सदस्यहरुको संभाव्य स्थानहरुमा सुविधाजनक आवास कार्यक्रम संचालन गरिनेछ ।

१६१ दलित समुदायको सघन वस्ती भएका क्षेत्र वा प्राविधिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा संभाव्य देखिएका स्थानहरुमा समावेशी, जातीय सदभावयूक्त नमुना ग्रामीण तथा शहरी वस्ती स्थापना गरिनेछ ।

१६२ दलित समुदायमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, व्यवसायिक, आर्थिक रुपान्तरणका लागि सचेतना एवं सशक्तिकरण अभियान सञ्चालन गरिनेछ ।

१६३ आदीवासी जनजाती तथा दलित समुदायको परम्परागत सिपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा विकास गरिने नीति अवलम्वन गरिनेछ ।

१६४ घरवास नभएका अति विपन्न वर्गलाई लक्षित आवास निर्माण कार्यक्रम सन्चालन गरिनेछ ।

१६५ नगरपालिकावाट प्रवाह गरिने छमता विकास तालिम, सीपमूलक तालिम, प्रविधि हस्तान्तरण तथा आय आर्जनका कार्यक्रमहरु लक्षित वर्गसम्म पुऱ्याउने कार्यको सुनिश्चित गर्न विपन्नता स्तरीकरण गरी सेवा सुविधा प्रदान गरिनेछ ।

**आदवासी जनजाती**

१६६ आदिवासी जनजातीहरुको भाषा संस्कृति र भेषभुषा संरक्षण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

१६७ आदिवासी जनजातीसँग सम्वन्धित पुरातात्विक बस्तु संग्रहालयलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१६८ सिमान्तकृत आदिवासी जनजातीहरुको नमुना बस्ती विकास, भाषालिपी, भेषभुषा संरक्षण गर्नका लागि अध्ययन गरिने छ ।

**गैर सरकारी संघ संस्था तर्फ :**

१६९ नगरपालिकामा कार्यक्षेत्र बनाएका गैरसरकारी संघ संस्थाले नगरपालिकामा सुचिकृत गरी कार्यक्रम सन्चालनका लागि अनुमतिको व्यवस्था मिलाइने छ ।

१७० गैर सरकारी संस्थाहरुवाट सम्पनदन गरिएका कार्यक्रमहरुको प्रभावकारीता सम्वन्धमा अनुगमनको व्यवस्था मिलाईनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**भौतिक पूर्वाधार विकास :** सडक तथा पूल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार र यातायात ।

१७१ मुसीकोट नगरपालिका वडा नम्बर २, भेरीखोला स्थानमा बसपार्कका लागि डि.पि.आर.समेत भइसकेकोले यसै बर्ष बसपार्क निर्माणका लागि शहरी विकास तथा भवन निर्माण कार्यालयसँग सहकार्य गरि संघीय सरकार तथा कर्णाली प्रदेश सरकारसंग रकम विनियोजनका लागि आवश्यक पहल गरि आर्थिक वर्ष २०७७ /०७८ मा कार्यान्वयनमा ल्याइनेछ ।

१७२ मुसीकोट नगरपालिकाका सवै वडाहरुमा खानेपानीको एक घर एक धारा निर्माण कार्य यसै आ.व. देखी सुरु गर्ने तथा सन्चालनमा रहेको वडाहरुमा एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७३ मुसीकोट नगरपालिका वडा नम्बर ७, साँख दह संरक्षण एवं व्यवस्थापनका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भैसकेकोले निर्माणका लागि पहल गरिनेछ ।

१७४ मुसीकोट नगरपालिका वडा नम्बर १, खलंगामा रहेको वालमन्दिर जिर्ण भएकोले त्यसको मर्मत, सम्भार र शौचालय ब्यबस्थापन गरी बाल स्याहार केन्द्र संचालन अवश्यक पहल गरिनेछ ।

१७५ मुसिकोट नगरपालिका वडाहरुमा स्वास्थ्य चौकीको भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१७६ मुग्लुखोला र भेरीको दोभान लगायतका अत्यावश्यकीय स्थानहरुमा शवदाह स्थल तथा सो सम्वन्धी अन्य पूर्वाधारहरु निर्माणको कार्य यसै वर्ष देखी संचालन गरिनेछ ।

१७७ विगत वर्षहरुदेखी हालसम्म नगरक्षेत्रको फोहरमैला व्यवस्थापन गर्दै आएको मुसिकोट नगरपालिका वडा नं. २ सतिपोले स्थित नगपालिकाको जग्गामा जग्गा दाताको मनोभावनालाई समेत उच्च सम्मान गर्दै प्राविधिक संभाव्यता, सामाजिक स्वीकार्यता तथा आवश्यकताका आधारमा बसपार्क/जीप पार्क निर्माण कार्य अगाडी बढाइनेछ । साथै पानढुङ्गा क्षेत्रमा वायु ग्यास निर्माणका लागि यसै आ.व. देखी संभाव्यता अध्ययन गरिनेछ ।

१७८ निर्माण सामाग्रीहरुको गुणस्तरीयता जांच गर्नको लागि ल्यापको व्यवस्था गर्न पहल गरिनेछ ।

१७९ नगर तथा वडाका गौरवका योजनाहरु प्राथमीकिकरण गरी संघ तथा प्रदेश सरकारसंग माग गरी कार्यान्वयन गरिनेछ ।

**झो.पु.तर्फ :**

१८० आ.व. २०७७/२०७८ को मंसिर महिना भित्र नगरपालिका भित्र आवश्यक पर्ने झो.पु.हरुको लामो सूची तयार गरी प्राथमिकीकरण गरिने छ ।

१८१ आ.व. २०७८/०७९ भित्र नगरपालिका भित्रका कम्तिमा दुई तिहाई खोलाहरुमा झोलुङ्गे पुल निर्माण गरी सकिने छ ।

## सडक तर्फ

१८२ ब्राह टाकुरा मैदानको समुचित संरक्षण र व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

१८३ पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वालुवा, गिट्टी र ढुगा जस्ता सामाग्रीहरु ओसार पसारको लागि आवश्यक पर्ने पहुँच सडक वाटाहरु निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

१८४ बढदो सवारी दुर्घटना न्यूनिकरण गर्न ट्राफिक प्रहरीसंगको समन्वयमा सडक सुशासन सम्वन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८५ आ. व . २०७७/०७८ भित्र नगर यातायत गुरुयोजना अध्यावधिक गरिने छ ।

१८६ नगरपालिकाले शुरु गरेका र DPR तयार भएका सडक योजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरिने छ ।

१८७ सार्वजनिक जग्गा/सडक अतिक्रमण गरी घर टहराहरु निर्माण गर्दा एकातिर नगरका सौन्दर्य विग्रिने र अर्को तिर दुर्घटनाको जोखिम बढने भएकाले जग्गा च्यापी तयार गरिएका घर टहरा वर्कसपहरु समन्वयात्मक रुपमा वैठक वसी हटाउने प्रक्रिया अगाडि बढाइनेछ ।

१८८ सडकहरुको मुख्य सत्रु भनेको जथाभावी वग्ने र बगाइने पानी हो । पानी व्यवस्थापन तथा सडकको नियमित मर्मत संभारका लागि कम्तिमा वर्षातको ४ महिनाका लागि सडक संरक्षक नियूक्त गर्ने व्यवस्था मिलाइनेछ ।

१८९ सडक तथ्यांकलाई अध्यावधिक गर्न Road Inventry तयार गरिने छ ।

१९० सवै वडा कार्यालयहरुसम्म कच्चि सडक पुगि सकेको हुंदा अव स्तरोन्नतीका कार्य अगाडी बढाइने ।

१९१ वातावरणमैत्री सडक निर्माणका लागि कुल लागत अनुमानको ५% रकम वायो इन्जिनियरिङ र निर्माण पश्चात् सडकको मर्मत संभार र रेखदेख गर्न कम्तिमा ५% रकम मर्मत संभार कोषमा राख्ने नीति लिइनेछ ।

१९२ विगतमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था कार्यालयहरुमा निर्माण गरिएका विभिन्न सडकहरुको मर्मत संभार र स्तरोन्नति गर्ने नीति लिइने छ ।

१९३ नयाँ निर्माण गरिने सडकहरुमा कम्तिमा ४० प्रतिशत संरचना निर्माणमा खर्च गरिनेछ ।

१९४ स्थानीय स्तरमा निर्माण गरिने सडकहरुको चौडाई ४ मीटर भन्दा कम गरिने छैन ।

**खानेपानी तर्फ**

**१९५** नगरपालिका भित्र आवश्यक खानेपानी योजनाहरुको लामो सुची तयार गरी पूर्व संभाव्यता अध्ययन गरिने छ ।

**१९६** एक घर एक धाराको राष्ट्रिय अभियानलाइ लाई टेवा पुग्ने गरी मुसिकोट नगरपालिकाका हरेक घरहरुमा एक घर एक धाराको खानेपानी पुऱ्याउन यसै आर्थिक वर्षदेखी निरन्तरता दिइनेछ ।

**१९७** मुसिकोट नगरपालिका ४ मा रहेको सोलावाङ बजार र बजारको आसपासको वस्तीको लागि नमुना खानेपानी आयोजनाको लागि विस्तृत परियोजना प्रस्ताव (DPR) तयार भएको हुंदा कार्यान्वयन तर्फ अगाडी वढाइनेछ ।

**१९८** लिफ्टिङ खानेपानी आयोजनाहरु साझेदारीमा संचालन गरिनेछ ।

**सडक पुल**

**१९९** मुसिकोट नगरपालिका भित्रका सडकहरु पास हुने खोलाहरुमा सडक पुल निर्माणका लागि आवश्यकता पहिचान गरी आ.व.२०७७/०७८ भित्र पूर्व संभाव्यता अध्ययनको कार्यक्रमलाई प्राथमिकतामा राखी सिफारिस गरिनेछ र कम्तिमा २ वटा सडक पुलको (DPR) तयार गरी कार्यान्वयनको लागि पहल गरिनेछ ।

**साना सिंचाई**

२०० आगामी २ वर्षमा सिंचाइ गुरु योजना तयार गर्नका लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।

२०१ नहर सिंचाइको संभावना नभएका वस्तीहरुका थोपा सिंचाई, पोखरी सिचाई, स्प्रिङ्कलर सिंचाई जस्ता माध्यम प्रयोग गरी सिंचाई गर्ने व्यवस्था लिइनेछ ।

२०२ नगर स्तरका हाल संचालन भएका सिंचाइ कुलोहरुको सूची तयार गरी तिनीहरुको संरक्षण तथा निरन्तर संचालन गर्ने व्यवस्था मिलाइनेछ।

**भवन तर्फ**

२०३ नगरपालिका सुन्दर, सुरक्षित तथा सफा बनाउन तथा भवन निर्माण कार्यलाई सुरक्षीत एवं प्राभावकारी बनाउनका लागि भवन निर्माण सम्वन्धी ऐन/नियम कार्यविधि, मापदण्ड र आचार संहिताहरुलाई प्रभावकारी रुपमा लागु गरिने छ। नक्सा पासकोलागि आवश्यक कार्यविधि ऐन तयार गरी आ.व. २०७७/०७८ भित्र प्रक्रिया शुरु गरिनेछ।

२०४ वडा कार्यालयको भवन निर्माणका लागि जग्गा प्राप्ती गरेका सवै वडाहरुमा विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी भवन निर्माणको कार्य गरिनेछ।

२०५ यसै चालु आर्थिक वर्षदेखी निर्माण कार्य शुरु भएको धैरेनीचौर फुटवल रंगशाला निर्माण कार्य आ.व.२०७८/०७९ भित्र सम्पन्न गर्न प्रयास गरिनेछ।

**विधुतिकरण तर्फ**

२०६ विधुत सेवा नपुगेका मु.न.पा.का.विभिन्न वडा तथा वस्तीहरुका नेपाल विद्युत प्राधिकरण. रुकुमसंग समन्वय गरी यथाशीघ्र विद्युत सेवा विरतण गर्न पहल गरी यसै आ.व.मा मुसिकोट नगरपालिकालाई अध्यारोमुक्त नगरपालिका घोषणा गरिनेछ।

**नगर सभा सदस्य ज्युहरु !**

**वन वातावरण तथा विपद व्यवस्थापन:** वन तथा भुसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुणयन्त्र सञ्चालन।

वन तथा भुसंरक्षण

२०७ सामुदायिक वन तथा अन्य निकायको सहयोगमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

२०८ वातावरण संरक्षण जलवायू परिवर्तनका असरहरुको न्यूनिकरण तथा अनुकूलन गर्दै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गर्ने कार्यक्रम प्राथमिकता साथ संचालन गरिने छ। जलवायू परिवर्तनको कारणले संकटासन्नता तथा जोखिममा रहेको पालिका अन्तर्गत रहेका वडा, बस्ती तथा विभिन्न विषयगत क्षेत्रहरुको संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा जलवायू परिवर्तन अनुकुलन तथा जलवायू उत्थानशील

विकास कार्यक्रमहरु पहिचाहन गरी प्राथमिकीकरणको आधारमा आगामी वर्षको कार्यक्रम तथा नीतिले अगाढी बढाउनेछ । क्रियाकलापको प्राथमिकीकरण गर्दा ठुला, बहुअयामिक, दीगो, जल, जलाधार, वनजंगल, कृषि तथा जीविकोर्पाजनसंग सम्वन्धित क्रियाकलापको छनौटलाई केन्द्रित गरिनेछ । यसको साथै जलवायू परिवर्तनको क्षेत्रमा क्षमता विकास गरी आवश्यक मानव स्रोतको समेत विकास गरिनेछ । यस आर्थिक वर्षमा स्थानीय अनुकुलन कार्ययोजना (LAP) निर्माण गर्न बजेट विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा स्थानीय अनुकुलन यकार्ययोजना (LAP) को प्रतिवेदन अनुसारका क्रियाकलापहरु संचालन गरिनेछ । यस पालिकामा निरन्तर रुपमा कार्यान्वयनमा रहेको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ लाई निरन्तरता दिइनेछ ।

२०९ नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण संरक्षणसँग आवद्ध गरिनेछ ।

२१० वनलाई वातावरण संरक्षण सँगसँगै आयआर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

२११ नदि, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई निरुत्साहन गरिनेछ । साथै एक रुख कटानी गरे वापत कटानी गर्ने गराउनेलाई कम्तिमा ७ (सात) वटा विरुवा रोपण गर्न लगाई हुर्काउनु पर्ने नीति अवलम्वन गरिनेछ ।

२१२ खोला, नदिमा विद्युतिय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कामलाई निरुत्साहित गरी अटेर गर्नेलाई कानून बमोजिम दण्ड जरिवाना गरिनेछ ।

२१३ वन क्षेत्रभित्र रहेका चिजवस्तु, विरुवा, जनावर सँग सम्वन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहनेले पेश गर्ने प्रस्तावनालाई प्रकृति संरक्षण कोषको सिफारिसमा मात्र अनुमति प्रदान गरिनेछ । कुनै पनि विदेशी नागरिकलाई नगरको अनुमति विना कुनै पनि कार्यका लागि वनक्षेत्रमा प्रवेश गर्न दिइनेछैन ।

२१४ वन तथा जडीवुटी संरक्षणको क्षेत्रमा महिलाहरुलाई नेतृत्वदायी भुमिका खेल्न प्रोत्साहित गरिनेछ ।

२१५ नगरवाट संचालन गरिने पूर्वाधार योजनाहरु संञ्चालन गर्दा जलवायू परिवर्तन उत्थानशिल योजनाहरु संचालन गरिनेछ ।

२१६ जलाधार संरक्षणका लागि आवश्यक कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

## फोहरमैला व्यवस्थापन

२१७ "फोहर जसले गर्छ उसले मुल्य तिनुपर्दछ" भन्ने नीतिलाई अवलम्वन गर्दै नगर क्षेत्रमा हुने फोहरमैलाई उचित व्यवस्थापन गरिनेछ ।

२१८ नगर क्षेत्रको फोहरलाई दीर्घकालीन रुपमा व्यवस्थापन गर्न संभावित ठाउहरुको खोजी गरी प्रारम्भिक वातावरणीय परिक्षण गराई उपयुक्त स्थलमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रक्रिय अगाडी बढाइनेछ ।

२१९ फोहरमैला नै उत्पादन नगर्ने, न्युन गर्ने, त्यसलाई पुनः प्रयोग कार्यलाई व्यवहारमा अवलम्वन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक, सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ साथै फोहरवाट वायो ग्यास उत्पादनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग आवश्यक समन्वय गरिनेछ ।

२२० फोहोरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहोरलाई मल वनाई करेसावारीमा प्रयोग गर्ने गराउने र वजार क्षेत्रमा फोहोरको राम्रो व्यवस्थापन गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने कार्य गरिनेछ ।

## विपद व्यवस्थापन

२२१ प्राकृतिक वा मानवीय कुनैपनि कारणबाट हुन सक्ने सम्भाव्य विपदबाट बच्न बचाउन सरोकारवालाहरुको समन्वयमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२२२ नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागी राहत सामाग्री र जनशक्ति व्यवस्था गरिनेछ ।

२२३ विपद व्यवस्थापनलाई 3C (समन्वय, सहयोग तथा नियन्त्रण ) का आधारमा संचालन गरिनेछ ।

२२४ नगरपालिका भित्र रहेका जोखिमयुक्त सबै ठाउहरुको अध्ययन गरी तटवन्द निर्माणको लागि कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

## सार्बजनिक सेवा प्रबाह, सुशासन र क्षमता बिकास

मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकारण, विद्युतिय सूचना प्रविधिको प्रयोग ।

## मानव संसाधन विकास

**२२५** नगर तथा वडा कार्यालयमा रहेका कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, उपभोक्ता समितिका पदाधिकारी, सामुदायिक संस्थाका पदाधिकारी, श्रम सहकारी संस्थाका पदाधिकारी तथा प्रधानमन्त्री तथा नगर प्रमुख रोजगार कार्यक्रम अन्तर्गत वेरोजगारको सूचीमा सूचिकृत व्यक्तिहरुको टोली नेतालाई समेत समावेश गरी वडागत रुपमा क्षमता विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२२६ सीपको वर्गीकरण गरी सोही अनुरुपको योजना तथा कार्यक्रमा स्थानीय तहको जनशक्तिको क्षमता विकास गरिनेछ ।

**२२७** दिगो विकासका लक्ष्यहरु परिपूर्ति हुने गरी मानव विकासका सूचकहरुको वृद्धि गर्दै मानव पूंजिको विकास गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२२८ नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा र सुबिधाहरुलाई क्रमशः डिजीटलाइजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाइने छ । सबै वडाहरुमा डिजीटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाइ तिब्रता दिई सेवा प्रवाहलाइ स्वाचालित बनाइने छ

२२९ सदाचार प्रबर्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अबलम्बन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुबैलाई कानूनको दायरामा ल्याइनेछ ।

२३० राष्ट सेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्यसंस्कृतको विकास गरिने छ । राष्ट्रसेबकहरुमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी नगर सरकारको सेवालाई नयाँ गतिका साथ् संचालन गरिनेछ । कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षा लगायत सबै पदाधिकारीबाट तोकिएकै समयमा काम सुरु गरि सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

२३१ नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाइनेछ भने बजार, बिद्यालय, सार्बजनिक क्षेत्र, व्यबसाय दर्ता र संचालन, मदिरा बिक्रि बितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सिमाना, इन्धन डिपो, होटेल, दुध डेरी, मासु पसल, औषधि पसल लगायत नागरिको जनजिविकासंग सम्बन्धित बिषयहरुलाई प्रचलित कानूनको अधिनमा रही कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइने छ ।

२३२ नेपालको संविधान, स्थानीय सरकार सनाचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यबस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाइ स्थानीय सरकार प्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइने छ ।

२३३ नगरपालिका तथा वडा कार्यालयलाई नागरिक तथा सेवामैत्री कार्यालयको रुपमा विकास गरिने छ ।

२३४ नगर तथा वडा कार्यालयहरुलाई प्रविधिमैत्री कार्यालयको रुपमा विकास गर्दै नगर तथा वडा कार्यालयलाई जनताको विश्वासिलो र भरपर्दो केन्द्रको रुपमा विकास गरिने छ ।

२३५ नगरपालिका भित्र सेवा प्रवाहलाई सुलभ र पहुंचयोग्य बनाउनको लागि एकिकृत घुम्तीसेवाहरु संचालन गरिने छ ।

२३६ वडा तथा नगरमा पञ्जीकरण तथ सिफारिसका लागि सप्टवयर खरीद गरी सञ्चालनमा ल्याइने छ ।

२३७ सेवा प्रदायक संस्था, नगर कार्यपालिका, वडा समितिको कार्यालय, विषयगत इकाइका कार्यालयको काम कारवाहीमा पारदर्शिता र जवाफदेहीता अभिवृद्धि गर्न निरन्तर अनुगमन सुपरिवेक्षण गर्ने नीति अवलम्वन गरिने छ ।

२३८ नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि अध्ययन अवलोकन भ्रमण तथा तालिम प्रशिक्षणको संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

**राजश्व परिचालन**

२३९ राजश्व परिचालन संग सम्वद्ध जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने तालिम सञ्चालन गरिने छ ।

२४० राजश्वका दर र दयरालाई वैज्ञानीक र भरपर्दो वनाई वास्तविक राजश्वका स्रोतहरुको पहिचान गर्ने कार्यका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

२४१ करदाताहरुको व्यवसाय संचालनको क्रममा भैपरी आउने समस्याहरुलाई सम्वोधन गर्न करदाता सहायता कोष यसै आर्थिक वर्ष देखी स्थापना गरिने छ ।

**वित्तिय व्यवस्थापन**

**२४२** नगरपालिका भित्र वित्तिय साक्षरता कार्यक्रम संचालन गरिने छ ।

**२४३** नगरपालिका भित्र रहेका आर्थिक कारोवार गर्ने वैंक, वित्तिय संस्था तथा समुहहरुको सहकार्यमा वित्तिय व्यवस्थापन सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।

**२४४** वडा तथा नगरपालिकासंग योजना सम्झौता गर्दा सम्वन्धित उपभोक्ता समिति, टोल विकास संस्था तथा श्रम सहकारीहरुले आफ्नो दायित्वको सम्पूर्ण सम्पत्ति कर, घर

वहाल कर तथा अन्य कानून बमोजिम तोकिएको सेवा शुल्क दस्तुर तिर्न प्रोत्साहित गरिने छ ।

२४५ स्थानीय तहको घोषणा सँगसँगै स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाले नेपालको संविधानको अनुसूची ८ मा रहेको एकल अधिकारको सूचि र अनुसूचि ९ मा रहेको साझा अधिकारको सूचिमा उल्लेखित वित्तिय श्रोत संकलनका क्षेत्रहरुको दायरा फारकिलो गरी बढिभन्दा बढी करदाताहरुलाई समेटी कानून वमोजिम कर, राजश्व सेवा शुल्क, दस्तुर र दण्ड जरीवाना संकलन गरिने छ ।

२४६ वित्तिय श्रोत संकलन तथा अभिवृद्धि गर्न सार्वजनिक नीजि साझेदारी नीति अनुरुप सहकार्यलाई विभिन्न कार्यक्रमका माध्यमबाट सघन रुपमा लैजाने नीति अवलम्वन गरिने छ ।

२४७ नियमित रुपमा सबैभन्दा बढि कर बुझाउने करदातलाई वार्षिक रुपमा सम्मान गरिने छ ।

**वित्तिय जोखिम न्यूनिकरण**

२४८ नगर तथा वडा स्तरमा हुने सार्वजनीक खर्चको सार्वजनिकरण गर्ने, सार्वजनिक लेखापरिक्षण, सार्वजनिक सुनुवाई तथा गुनासो सुन्ने संयन्त्रको विकास गर्दै सोको प्रभावकारीता वढाउने गरी कार्यक्रम संचालन गर्ने जसको लागि हेलो मेयरको कार्यक्रम र टोल फ्रि नम्वर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४९ बढदै गरेको वेरुजुको अवस्थालाई ध्यायन दिदै सवै शाखालाई जिम्मेवार बनाउदै स्पष्ट कार्यविवरण सहित जिम्मेवारी तोकिनेछ ।

**संचार तथा सूचना प्रबिधि तर्फ**

२५० बढ्दो सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गर्दै ऋइख्क्ष्म(ज्ञढ जस्ता अन्य महामारीमा पनि सेवा प्रभालाई नियमित सुचारु गर्न भौतिक दुरी कायम गर्दै Virtual (भर्च्युल) माध्यमको सेवा प्रबाहमा जोड दिइने छ ।

२५१ जनताको सू-सुचित हुन पाउने सुचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको सार्बजनिक सुनुवाई, जनतासंग मयेर, कृषि कार्यक्रम, रेडियो कार्यक्रम, हेलो उप(मयेर कार्यक्रम, सार्बजनिकर सामाजिक परिक्षण चौमासिक सार्बजनिकिकरण गर्ने कार्यलाई संचालन तथा निरन्तरता दिइने छ ।

२५२ नगरपालिकाको बिकास निर्माण, सुशासन, सेवा प्रबाह, योजना तर्जुमा, सामाजिक सचेतना तथा गतिबिधि लगायतका बिषयमा कलम चलाउने संचारकर्मी र मिडियालाई पुरस्कृत गर्नको लागि “उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षयकोष“ स्थापनाको गरि बार्षिक रुपमा पुरस्कृत गरिने छ ।

२५३ संविधानमै उल्लेखित संचार तथा सुचनाको हकको प्रत्याभूति गर्ने सो सम्बन्धि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ,

२५४ उच्चतम प्रबिधि सहितको आधुनिक नगर सूचना तथा सेवा केन्द्र निर्माण गर्न आवश्यक पहल गरिने छ ।

२५५ नगरपालिकमा प्रयोग भैरहेका विभिन्न सफ्टवेयरमा रहेको डेटाहरुलाई सुरक्षित तथा एकिकृत भण्डारण गर्न नेपाल सरकारको G-Cloud Server(सर्भर)मा राखिने छ ।

२५६ कार्यालयका विभिन्न कार्य सम्पादनमा सहजता ल्याउने सरकारी सफ्टवेयर तथा अन्य सफ्टवेयर प्रणालीहरु प्रभाकारीरुपमा कार्यन्वयनमा ल्याइने छ ।

२५७ हस्तलिखित प्रणालीलाइ निरुत्साहित गर्दै “पेपर लेस“ कार्यालय घोषणाका लागि भरपर्दो पूर्वाधार खडा तथा संस्थागत प्राबिधिक क्षमता बिकास गरिने छ ।

२५८ सुशासन कायम गर्न सुचना प्रबिधिको नविनतम प्रयोग गरिने छ ।

**तथ्यांक ब्यबस्थापन तथा अभिलेखीकरण**

२५९ नगरपालिकाको समग्र कार्य योजनाको मार्गदर्शनको रुपमा रहने नगर प्रोफाइल समय सापेक्षित रुपमा आबश्यक बिबरण सहित अध्यावधिक गरिने छ,

२६० कार्यालयबाट सम्पादन हुने सम्पूर्ण शाखाहरुको प्रगति ब्यबस्थापनको लागि एकिकृत प्रगति ब्यबस्थापन प्रणालीको अबलम्बन गरिने छ,

२६१ सम्पूर्ण सुचना, अभिलेख तथा गतिबिधिहरुलाई सु(ब्यबस्थित गर्न एकिकृत तथा केन्द्रिकृत ब्यबस्थापन प्रणालीको अबलम्बन गरिने छ,

## सार्वजनिक सेवा प्रवाह, सुशान प्रबर्द्न तर्फ

२६३ नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा र सुबिधाहरुलाई क्रमशः डिजीटलाइजेशन गर्दै सेवा प्रबाहलाइ सहज र पारदर्शी बनाइने छ । सबै वडाहरुमा डिजीटल प्रणालीबाट सेवा प्रबाह गर्ने कार्यलाइ तिब्रता दिइ सेवा प्रबाहलाइ स्वाचालित बनाइने छ । नगर सरकारको निर्णय प्रक्रिया सरल र सहज पारदर्शी बनाइने छ ।

२६५. सेवा प्रवाहको Reactive पद्धतिलाइ न्युनिकरण गर्दै Proactive पद्धतिलाइ अबलम्बन गरि सेवा प्रबाह गरिने छ ।

२६६ जनप्रतिनिधि तथा राष्ट्रसेबक कर्मचारीहरुको लागि समय सापेक्षित सिप बिकास, क्षमता बिकास, व्यक्तित्व बिकास, नेतृत्व बिकास साथै अन्य बिकासका तालिमहरु संचालन गरिने छ ।

२६७ आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने, अनियमितता भ्रस्टाचारमा संलग्न हुने जोकोहीलाइ कडा कारबाही गरिने छ । राम्रो काम गर्नेलाई पुरस्कृत हुने, काम नगर्ने एबं गैरकानूनी काम गर्ने दण्डित हुने विधिलाई कार्यन्वयनमा ल्याइने छ ।

२६८ सदाचार प्रबर्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अबलम्बन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुबैलाई कानूनको दायरामा लाइने छ ।

२६९ राष्ट सेबकहरुमा कामप्रति तत्पर हुने, सेवाभाब सहित समयमै कम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्यसंस्कृतको बिकास गरिने छ । राष्ट्रसेबकहरुमा ज्ञान, सिप र पेशागत मर्यादाको बिकास गरि नगर सरकारको सेवालाई नयाँ गतिका साथ् संचालन गरिनेछ । कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षा लगायत सबै पदाधिकारीबाट तोकिएकै समयमा काम सुरु गरि सेवा प्रदान गर्ने ब्यबस्था मिलाइने छ ।

२७० नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाइनेछ भने बजार, बिद्यालय, सार्बजनिक क्षेत्र, ब्यबसाय दर्ता र संचालन, मदिरा बिक्रि बितरण र सेवन, घर निर्माण, सार्बजनिक जग्गाको साँध, सिमाना, इन्धन डिपो, होटेल , दुध डेरी, मासु पसल ,औषधि पसल लगायत नागरिको जन्जिबिकासंग सम्बन्धित बिषयहरुलाई प्रचलित कानूनको अधिनमा रही कडाईका साथ् अनुगमन गरि स्थानीय सरकारको अनुभूति गराइने छ ।

२७१ नेपालको संबिधान, स्थानीय सरकार सनाचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको ब्यबस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाइ स्थानीय सरकार प्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभाबकारी रुपमा कार्यन्वयनमा ल्याइने छ ।

२७२ दिगो विकासको तथा समातामुलक समाज निर्माणको लागि विज्ञहरुका उल्लेखनीय लेख रचना, पृष्ठपोषण, सल्लाह सुझाव तथा मादर्शनलाई विकास निर्माण, योजना तर्जुमा तथा नगरपालिका समग्र पक्षमा अनुसरण गरीने छ ।

**न्यायिक समिति**

२७२ न्यायिक कार्यलाई व्यवस्थित गर्न र योजना अनुगनलाई प्रभावकारी वनाउन हेलो उपमेयर कार्यक्रम सञ्चालन गर्नुको साथै न्यायिक कार्यमा संलग्न रहने नगर तथा वडा स्तरका जनप्रतिनीधि तथा कर्मचारीलाई क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

२७३ स्थानीय स्तरमा हुने विवादहरुलाई छिटो छरितो एवं प्रभावकारी रुपमा विवाद समाधानका उपायहरु अपनाईनेछ साथै विवादहरुलाई मेमिलापको माध्यमवाट टुग्याउन प्राथमीकताकासाथ प्रोत्साहन तथा सहजीकरण गरिने छ ।

२७४ वडा स्तरमा स्थापना भएका मेलमिलाप केन्द्रहरुको भौतिक सामाग्री तथा जनशक्तिको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

अन्त्यमा, नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारका सूचीमा आधारीत रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका कार्यकारिणी आधिकार सम्वन्धमा गरेका व्यवस्थाहरुलाई पालना गर्दै विकास निर्माणका काम कार्वाही तथा सेवा सुविधाहरु संचालन तथा नियमन गर्ने जिम्मेवारी रहेको छ । स्थानीय तह, स्थानीय स्तरमा विकास निर्माण कार्यहरु संचालन गर्ने सबै भन्दा भरपर्दो निकाय भएको कारणले गर्दा आम नागरिकको अभिभावकत्व प्रदान गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी हुन आएको छ । नगरपालिकालाई समृद्धीको बाटोमा डोऱ्याउनको लागि मुसिकोट नगरपालिकाको एकिकृत गुरुयोजना निर्माण गरेको छ । सोही गुरु योजना बमोजिम नगरपालिकाले नगरको विकासको सुनौलो भविश्य निर्माणका लागि महत्वपूर्ण कार्यक्रमहरुलाई प्राथमीकताको आधारमा अगाडी बढाइएको छ । नगरको विकास र समृद्धीमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने राजनीतिक दल, विषयगत कार्यालय, सुरक्षा निकाय, निजी क्षेत्रका उद्यमी व्यापारी, प्राज्ञिक क्षेत्र, विकासका साझेदार गैरसरकारी संस्था, संचारकर्मी तथा नगरपालिकाका कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको कर्णाली प्रदेश सरकार र संघीय सरकारलाई धन्यवाद दिन्छु । यस नीति तथा कार्यक्रमा भएका कमिकम्जोरीहरुलाई औंल्याइ रचनात्मक राय सुझावको अपेक्षा गर्दै विदा हुन्छु ।

धन्यवाद !

मिति २०७७/०३/१०

देवीलाल गौतम
नगर प्रमुख